# पोखरा महानगरपालिका

## १५औं नगर सभामा पोखरा महानगरपालिकाका प्रमुख
## श्री धनराज आचार्यज्यूबाट प्रस्तुत

# आर्थिक वर्ष २०८१/८२ को
# वार्षिक नीति तथा कार्यक्रम

९ आषाढ २०८१

# पोखरा महानगरपालिका
## १५औं नगर सभामा पोखरा महानगरपालिकाका प्रमुख
## श्री धनराज आचार्यज्यूबाट प्रस्तुत

## आर्थिक वर्ष २०८१/८२ को
## वार्षिक नीति तथा कार्यक्रम

१. पोखरा महानगरपालिकाका उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सदस्यज्यूहरू, उपस्थित सबै महानुभावहरू, यहाँहरू सबैलाई पोखरा महानगरपालिका नगर सभाको यस गरिमामय १५ औं नगरसभामा हार्दिक स्वागत गर्दछु ।

२. मुलुककै सबैभन्दा ठुलो यस महानगरपालिकाको १५ औं नगरसभाको ऐतिहासिक अवसरमा महानगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ को **वार्षिक नीति तथा कार्यक्रम** प्रस्तुत गर्न पाउँदा मैले खुसी तथा गर्वको अनुभूति गरेको छु ।

३. यस अवसरमा सर्वप्रथम मुलुकको रक्षा, संङघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवं समृद्धि र अग्रगमनका लागि भएका सबै राजनीतिक परिवर्तन तथा आन्दोलनहरूमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरू प्रति श्रद्धासुमन अर्पण गर्दछु। साथै यसै वर्ष वडा नम्बर ३० का वडा सदस्य श्री मंगलकाजी मानन्धरको दुखद निधन प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

४. **"समुन्नत पर्यटकीय पोखरा"** दीर्घकालिक सोच र **"समुन्नत पोखराको आधारः सबल अर्थतन्त्र र पूर्वाधार"** ध्येय अनुरूप पोखरा महानगरपालिकाले अङ्गीकार गरेको नीति, स्वीकृत वार्षिक कार्यक्रम तथा महानगरवासीको बृहत्तर हितका लागि अघि सारिएका रणनीतिक महत्वका विभिन्न नीति, कार्यक्रम तथा आयोजना कार्यान्वयनमा साथ, सहयोग, सहभागिता एवं रचनात्मक मार्गदर्शन गर्नु हुने आम पोखरेली दिदी बहिनी तथा दाजुभाइहरूमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

५. नेपालको संविधान बमोजिम स्थानीय तहको दोस्रो निर्वाचन पछि हामी जनप्रतिनिधिहरूले कार्य जिम्मेवारी सम्हालेको दुई वर्ष व्यतीत भएको छ । यस अवधिमा महानगरपालिकाले नागरिकमा आशा र भरोसा जगाउँदै महानगरवासीको सुख र समुन्नतिका लागि प्रतिबद्धताका साथ आफ्ना नीति र कार्यक्रम कार्यान्वयन गर्दै आएको विदितै छ ।

६. चालु आर्थिक वर्ष महानगरपालिकाको प्रथम त्रिवर्षीय योजनाको अन्तिम वर्ष भएकोले विगतको उपलब्धि र अनुभवबाट सिक्दै आगामी आर्थिक वर्ष देखिनै लागू हुने गरी दोस्रो पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) तयार भएको छ ।

७. नेपाल सरकारको सोह्रौं योजना र गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाले प्रक्षेपण गरेको वार्षिक औसत आर्थिक वृद्धिदर क्रमशः ७.१ प्रतिशत र ८.३ प्रतिशतको लक्ष्य हासिल गर्न योगदान गर्ने गरी महानगरपालिकाले ८.४ प्रतिशत वार्षिक औसत आर्थिक वृद्धिको लक्ष्य सहित दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरिएको छ ।

८. पोखरा महानगरपालिकाको सीमित स्रोत र साधनको विवेकपूर्ण तथा उच्चतम परिचालन गर्दै योजनाबद्ध विकास अभियानद्वारा अपेक्षित प्रतिफल हासिल गर्न शहरी योजना आयोग गठन गरी महानगरपालिकाको नीतिगत तथा कानुनी सुधार, सेवाप्रबाह र विकास व्यवस्थापनमा सहयोग, सहजिकरण र पृष्ठपोषण प्राप्त गर्न आयोगलाई परिचालन गरिएको छ ।

९. पोखरालाई ब्राण्डिङ गर्दै पर्यटन प्रवर्द्धन मार्फत पोखरा, गण्डकी प्रदेशको मात्र नभएर मुलुककै आर्थिक विकासमा गुणात्मक फड्को मार्न योगदान गर्ने उद्देश्यले गण्डकी प्रदेशको राजधानी तथा प्राकृतिक, सांस्कृतिक र साहसिक सम्पदाको अनुपम सङ्गम पोखरालाई यही २०८०।१२।०४ गते विधिवत् रूपमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट मुलुककै पर्यटन राजधानी पोखरा घोषणा गरिएको छ ।

१०. तथ्य, प्रमाण र वस्तुनिष्ठ आधारमा सही योजना पहिचान, छनौट, कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न मार्गदर्शक मानिने विस्तृत विवरण सहित महानगरपालिकाको विद्युतीय पार्श्वचित्र (Digital Profile) तयार गरिएकोछ ।अव

महानगरपालिकाको आगामी सबै योजना तथा कार्यक्रम तथ्य र प्रमाणका आधारमा तर्जुमा गर्ने विश्वसनीय आधार तयार भएको छ ।

११. समृद्धिको लागि सरोकारवालाहरूसँग हातेमालो गर्दै अघि बढ्ने नीति अनुरूप विश्व बैङ्क (World Bank), एसियाली विकास बैङ्क (ADB), जाइका (JICA), कोइका (KOICA), युएनडिपी (UNDP), USAID लगायत विभिन्न अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँगको आर्थिक तथा प्राविधिक सहयोगमा रणनीतिक महत्वका विभिन्न विकास आयोजनाहरू सञ्चालन भइरहेका तथा सञ्चालनको क्रममा रहेका छन्, जसमध्ये

१२. विश्व बैङ्क (World Bank) को आर्थिक सहयोगमा सञ्चालित नेपाल शहरी शासकीय तथा पूर्वाधार विकास आयोजना (NUGIP) अन्तरगत तालचोक-वेगनासताल सडक निर्माणको कार्य भइरहेको छ । शिसुवा-सिसाघाट सडक खण्डमा सडक निर्माण कार्य सुरु भएको छ । दोविल्ला-बागमारा-पुँडिटार सडक निर्माणको ठेक्का सम्झौता सम्पन्न भई Joint Survey सुरु भएको छ ।

१३. एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित शहरी उत्थानशीलता तथा जीवनयापन सुधार आयोजना (URLIP) अन्तरगत Infrastructure and Urban Design Improvements, Eco tourism trail development र Seti Gorge Tourism Product क्षेत्र भित्र विभिन्न ८ वटा उप-आयोजनाहरूको कार्यान्वयन प्रक्रिया सुरु भईसकेकोछ ।

१४. जाइकाको अनुदान सहयोगमा महानगरपालिकामा मलमूत्र प्रशोधन सम्बन्धी आयोजनाका लागि ग्रान्ट स्वीकृत भएको छ । यसै गरी पोखरामा ढल, भल र फोहोर पानी व्यवस्थापन गर्न सो सम्बन्धी परियोजनाको गुरुयोजना तयार भई कार्यान्वयनको लागि नेपाल सरकार र जाइकावीच सम्झौता हुने चरणमा पुगेकोछ ।

१५. कोइकाको सहयोगमा रिसाइक्लिङ तथा अपसाइक्लिङ मार्फत हरित रोजगारी सृजना सहितको कार्यक्रम सञ्चालनका लागि जिविजेड परियोजना सुरूभएको छ ।

१६. कोइकाकै सहयोगमा ग्रिन ट्रान्सपोर्टेशन प्रणाली लागू गर्न पहिलो चरणको कार्यक्रम सुरु भई सो परियोजना कार्यान्वयनका लागि आवश्यक पर्ने सामग्रीहरू नेपालको सीमा भन्सारमा आइपुगेको छ ।

१७. पोखरालाई स्वच्छ, सफा, हरियाली र सुन्दर शहरको रूपमा विकास गर्न विज्ञहरूको सहयोगमा **"स्वच्छ शहर हरित शहर (Clean City Green City)"** परियोजनाको प्रारूप तयार गरिएको छ ।

१८. महानगरपालिका स्थित कृषियोग्य खाली तथा बाँझो जमिनमा व्यावसायिक कृषि वा उद्यम व्यवसाय सञ्चालनलाई प्रोत्साहन गर्न भूमि बैङ्क स्थापना गरी खाली तथा बाझो जमिनको व्यवस्थापन गर्ने प्रक्रिया अघि बढाइएको छ ।

१९. महानगरपालिकामा उद्यम व्यवसाय प्रवर्द्धन तथा रोजगारीका अवसर सृजना गर्न उद्यम क्लिनिक, वृत्ति परामर्श तथा रोजगार मेला, पोखरा आइडिया मार्ट, स्टार्टअप प्रोत्साहन जस्ता नवीनतम कार्यक्रम सम्पन्न गरिएको छ । यस अवधिमा विभिन्न विषयमा १००० जना भन्दा बढीलाई व्यावसायिक तथा सीप विकास तालिम प्रदान गरिएको छ

२०. भूमि आयोगसँगको समन्वयमा महानगरपालिका भित्र भूमिहीन दलित ३४१८, भूमिहीन सुकुम्वासी ४०१८ र अव्यवस्थित बसोबासी ११०८३ गरी १८५२९ जनालाई निस्सा वितरण गरिएको छ ।

२१. महानगरपालिका भित्र शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम गर्न, कानुनको पालना गर्न गराउन,विपद् व्यवस्थापन लगायतका नियमित तथा आकस्मिक कार्यमा परिचालन गर्ने उद्देश्यले मौजुदा सङ्ख्यामा थप ४८ जना नगर प्रहरी नियुक्त गरी अनुशिक्षण पश्चात् परिचालन गरिएको छ ।

२२. गत १३औं नगरसभाबाट पारित वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धि र सिकाइको समीक्षा गर्दै नतिजाका आधारमा उत्कृष्ट देखिएका कार्यक्रमहरूलाई अझ परिष्कृत गर्ने प्रतिबद्धता सहित निरन्तरता दिने नीति अवलम्बन गरिएको छ ।

२३. राजश्व प्रशासन सुदृढीकरण गर्दै करदातालाई सहजरूपमा राजश्व भुक्तानी गर्ने व्यवस्थाका लागि अनलाइन प्रणाली सञ्चालनमा ल्याइएको छ ।

२४. महानगरपालिकाको कार्यबोझ, कार्य प्रकृति र कार्यविशिष्टताका आधारमा सेवाप्रबाहलाइ थप गुणस्तरीय, पारदर्शी, सरल र सहज बनाउन, चुस्त सङ्गठन संरचना, मितव्ययी दरबन्दी कायम गर्ने उद्देश्यले महानगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण(O and M Survey) सम्पन्न भई प्रतिवेदन तयार गरिएको छ ।

२५. राजश्व परिचालनको विभिन्न प्रयासका बाबजुद आगामी आर्थिक वर्षमा पर्न जाने श्रोतको चापलाई मध्यनजर गरी अनिवार्य दायित्व र दूरगामी तथा रणनीतिक महत्वका देहायका कार्यक्रम तथा आयोजना प्रस्ताव गरेको छु ।

**संस्थागत विकास तथा सुशासन**तर्फ

२६. महानगरपालिका तथा मातहत निकायमा सुशासन सुदृढीकरण तथा सेवाप्रबाहलाइ थप प्रभावकारी बनाउन **"विधि, पारदर्शिता,जबाफदेहिता र सदाचारिता अवलम्बन : सुशासन प्रवर्द्धन"** अवधारणा अनुरूप नीतिगत,कानुनी तथा प्रक्रियागत सुधार गरी सार्वजनिक सेवालाई थप मितव्ययी, सरल, छिटो, छरितो, पारदर्शी तथा प्रविधिमैत्री बनाउँदै लगिनेछ।

२७. सेवाप्रबाह विकास व्यवस्थापन र न्याय सम्पादन प्रक्रियालाई स्वतःस्फूर्त, विश्वसनीय र नागरिकको पहुँच अभिवृद्धि गर्न **सुशासन प्रवर्द्धन कार्यक्रम** सञ्चालन गरिनेछ ।जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीको क्षमता विकासका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

२८. कर्मचारीको वृत्ति विकास सुनिश्चितता तथा प्रोत्साहनका लागि नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारसँग आवश्यक समन्वय तथा पहल गरिनेछ ।महानगरपालिकामा कर्मचारी पदस्थापन, सरुवा र कामकाजमा खटाउने कार्यलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाउन यस सम्बन्धी मापदण्ड कार्यान्वयन गरिनेछ ।

२९. महानगरपालिकाका नगर कार्यपालिकाको कार्यालय र मातहत वडा कार्यालयहरूबाट हुने सेवाप्रबाह तथा विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक जनशक्ति व्यवस्थापन, अनुकूल कार्य वातावरण र सूचना प्रविधिको दृष्टिले सुधार गर्दै लगिनेछ ।

३०. महानगरपालिकाको योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेटबिच तालमेल मिलाइ दोस्रो पञ्चवर्षीय योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

३१. महानगरपालिकाबाट जारी भएका कानुनहरूको एकीकृत सँगालो प्रकाशन गरिनेछ । महानगरपालिकाबाट जारी भएका कानुनहरूलाई आवश्यकता अनुसार संशोधन गरी अद्यावधिक गरिनेछ ।

३२. आन्तरिक स्रोतको परिचालनलाई दिगो बनाउन, राजश्व परिचालन सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान तथा प्रवर्द्धन गर्न, अनुगमन तथा कारबाहीलाई तीव्र बनाउन मौजुदा सङ्गठनात्मक संरचना तथा कार्य पद्धतिमा सुधार गरिनेछ ।

३३. राजश्व प्रणालीलाई प्रविधि प्रयोग गरी सरल, सहज र विश्वसनीय बनाइनेछ ।राजश्व प्रशासनमा कार्यरत जनशक्तिको क्षमता विकास गरी राजश्व प्रशासन सुदृढीकरण गरिनेछ । विद्युतीय माध्यमको प्रयोग गरी घरबाटै राजश्व दाखिला गर्न सकिने गरी अनलाइन सेवालाई प्रभावकारी बनाइनेछ ।

३४. महानगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तथा आन्तरिक लेखा परीक्षण कार्यविधिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

३५. प्रमुख र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र महाशाखा प्रमुख तथा शाखा प्रमुखहरू बिच कार्य सम्पादन सम्झौता गरी कार्यान्वयन गरिनेछ ।कार्य सम्पादन सम्झौताको कार्यान्वयनस्तरलाइ कर्मचारीको वृत्ति विकाससँग आबद्ध गरिनेछ ।

३६. देशको प्रशासनिक, सुरक्षा, प्राविधिक, प्राध्यापन, लगायत विभिन्न उल्लेखनीय योगदान गरी सेवानिबृत्त जीवन बिताइरहेका पूर्व राष्ट्रसेवकहरूको ज्ञान, सीप, दक्षता तथा अनुभवलाई महानगरपालिकाको समृद्धिमा उपयोग गर्न प्रेरित गरिनेछ ।यसको लागि **"पूर्व राष्ट्रसेवक सम्मान तथा परिचालन नीति"** निर्माण गरी कार्यान्वयन गरिनेछ।

३७. महानगरपालिकाको नीति, योजना तथा प्राथमिकतामा परेका जनसरोकारका महत्त्वपूर्ण विषयहरूलाई तत्काल सम्बोधन गर्न **तत्काल सुधार योजना** निर्माण गरी कार्यान्वयन गर्दै लगिनेछ ।

३८. पोखरा महानगरपालिकाको दीर्घकालीन योजना तथा रणनीतिक कार्ययोजना तर्जुमा गरिनेछ ।

३९. महानगरपालिकामा कार्यरत नगर प्रहरीको क्षमता विकास, उत्प्रेरणा तथा मनोबल अभिवृद्धिका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । नगर प्रहरीको लागि छुट्टै ब्यारेकको व्यवस्था गरिनेछ ।

४०. उपभोक्ताहरूको हित र सुरक्षाका लागि दैनिक उपभोग्य बस्तु वा सेवाको सहज आपूर्ति व्यवस्था, बस्तु वा सेवाको उपयुक्त मूल्य र गुणस्तर कायम गर्न, बजारमा अवाञ्छित गतिविधि तथा गैर कानुनी कार्य हुन गर्न नदिन नियमित तथा आकस्मिकरूपमा बजार अनुगमन गर्ने कार्यलाई थप प्रभावकारी बनाइ निरन्तरता दिइनेछ ।

४१. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अवलम्बन गर्दै भ्रष्टाचार नियन्त्रणका लागि आचारसंहिता कार्यान्वयन, प्रविधिको अधिकतम प्रयोग, अनुगमन, सचेतना अभियान र खरिद लगायतका प्रक्रिया र सेवाप्रबाहमा पारदर्शिता अपनाइनेछ ।

४२. राष्ट्रसेवक कर्मचारीबाट सम्पादित कामको गुणस्तर, कार्यसम्पादनस्तर, सेवाप्रबाह लगायतको आधारमा पुरस्कार तथा दण्डको व्यवस्था लागू गरिनेछ ।

४३. महानगरपालिकामा हुने सार्वजनिक खर्च व्यवस्थापनलाई विधिसम्मत बनाउँदै कूल खर्चमा बेरुजु प्रतिशत घटाउँदै लगिनेछ । बेरुजु सम्परीक्षणलाई प्राथमिकतामा राखी छुट्टै **बेरुजु सम्परीक्षण कार्यदल** गठन गरी परिचालन गरिनेछ ।

४४. राजश्व परिचालनमा समेत योगदान पुग्ने गरी सम्पत्ति कर, मालपोत र भूमिकरलाई व्यवस्थित गर्न जिआइस ट्र्याकिङ प्रणालीको विकास गरी कार्यान्वयन गरिनेछ । घर/कोठा बहालमा दिने तथा बहालमा लिन चाहनेलाई सहज हुने गरी छुट्टै वेभ प्रणाली विकास गरी बहालकरलाई महानगरपालिकाको करको दायरामा ल्याइ कार्यान्वयन गरिनेछ ।

४५. महानगरपालिकामा सञ्चालन हुने विकास आयोजनाको पहिचान छनौट प्राथमिकिकरण र बजेट व्यवस्थापनलाई विधिसम्मत र पारदर्शी बनाउन आयोजना बैङ्क व्यवस्थापन प्रणाली लागू गरिनेछ ।

४६. जनताको जीवनस्तर उठ्ने, स्थानीय बासिन्दाको सहभागिता जुट्ने र स्थानीय श्रोत साधन सीपको प्रयोग हुने, दिगो विकास र वातावरण संरक्षण तथा संवर्द्धनमा सघाउ पुग्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिइनेछ । साथै विकास खर्चलाई रोजगारीसँग आबद्ध गरिनेछ ।

४७. महानगरपालिकाका वडाहरूको जनसङ्ख्या, भौतिक पूर्वाधारको अवस्था, विभिन्न सुविधाहरूको स्तर, भौगोलिक विकटता आदिको वस्तुनिष्ठ विश्लेषण गरी सन्तुलित विकास गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै लगिनेछ ।

४८. पोखराको घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्य र तथ्याङ्कको आधारमा समाजवाद उन्मुख कार्यक्रमको पहिचान गरी समन्वयात्मक रूपमा कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ ।

४९. सार्वजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गर्न तथा अतिक्रमण हटाउन स्थानीय प्रशासन समेतको सहयोग तथा समन्वयमा विशेष अभियान सञ्चालन गरिनेछ । सार्वजनिक जग्गाको अभिलेखिकरण गरी संरक्षण गरिनेछ ।

५०. साबिक लेखनाथ नगरपालिकाका विभिन्न वडाहरूको जग्गाको हालसाबिक प्रक्रिया अगाडि बढाउन आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ।

५१. न्यायिक समितिको क्षमता विकास गर्दै न्याय सम्पादन प्रक्रियालाई थप निष्पक्ष, गुणस्तरीय र विश्वसनीय बनाउँदै लगिनेछ । न्यायमा नागरिकको पहुँच अभिवृद्धि गर्न **नागरिकसँग न्यायिक समिति** अभियानलाई विस्तार गर्दै लगिनेछ । मेलमिलाप पद्धतिद्वारा स-साना विवाद समाधान गर्न प्रोत्साहित गर्दै मेलमिलापकर्ताको क्षमता विकास गर्दै लगिनेछ ।

५२. विपद् पूर्व जोखिम आङ्कलन, जोखिम पूर्व चेतावनी, विपद् प्रतिकार्य तयारी, विपद् जोखिम न्यूनीकरण, पुनस्थापनाः र पुर्नलाभको लागि विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) निर्माण गरी समन्वयात्मक रूपमा कार्यान्वयन गरिनेछ ।

५३.	विपद् व्यवस्थापनमा शीघ्र र विश्वसनीय सूचनाप्रवाह र प्रभावकारी प्रतिकार्यको लागि समन्वय गर्न महानगरपालिका विपद् व्यवस्थापन शाखाको समन्वयमा सुरक्षा निकायहरू र रेडक्रस सोसाइटी समेतबाट तालिम प्राप्त दक्ष जनशक्ति सम्मिलित गराइ **स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र (LEOC)** स्थापना गरी सञ्चालन गरिनेछ । विपद्का घटना घट्नु अगावै पूर्व सूचना प्राप्त हुने पूर्व चेतावनी प्रणाली (EWS) स्थापना गरी समन्वयात्मक रूपमा प्रयोगमा ल्याइनेछ ।

५४.	आगजनी नियन्त्रणका लागि थप वारुणयन्त्र व्यवस्था गरिनेछ ।विपदमा खोज, उद्धार र राहतका लागि द्रुत प्रतिकार्य समूह (QRT) गठन गरी परिचालन गरिनेछ ।

५५.	एसियाली विकास बैङ्कको सहयोगमा आगामी आर्थिक वर्षमा साविक लेखनाथ नगरपालिकाको कार्यालय परिसरमा विपद् व्यवस्थापन केन्द्र (DRR) स्थापना गरिनेछ।

५६.	डिजिटल पोखराको अवधारणा अनुरूप एकीकृत सूचना तथा सेवाप्रबाह प्रणालीको विकास गरी कार्यान्वयन गरिनेछ ।

५७.	महानगरपालिकामा सूचनाको हक कार्यान्वयनलाई सुनिश्चित गरिनेछ। सञ्चार क्षेत्रको भूमिकालाई स्थानीय सरकार र नगर बासीहरूबिच समन्वयात्मक बिचारको विनिमयका रूपमा थप प्रभावकारी बनाईनेछ। नेपाल पत्रकार महासङ्घ कास्की शाखा सँग सहकार्य र साझेदारी गरी पत्रकार कल्याणकारी कोषलाई थप प्रभावकारी बनाईनेछ। श्रमजीवी पत्रकारहरूको क्षमता विकासको लागि सञ्चालित कार्यक्रमलाई निरन्तरता दिइनेछ । महानगरपालिका भित्र दर्ता भई सञ्चालनमा सबै सञ्चार माध्ययमहरुलाई अनिवार्य रूपमा महानगरमा सूचिकृत हुने व्यवस्था मिलाईनेछ।कानुनी व्यवस्था गरी समानुपातिक विज्ञापन प्रणाली अवलम्बन गरिनेछ।

## अन्तर्राष्ट्रिय सम्बन्ध तथा समन्वय तर्फ

५८.	मितेरी शहरहरुसँगको सम्बन्धलाई थप प्रगाढ र उच्चस्तरको बनाइराख्न महानगरपालिकामा अन्तर्राष्ट्रिय सम्बन्ध तथा समन्वय ब्युरो स्थापना गरिनेछ ।

५९.	मितेरी सम्बन्ध रहेका शहरहरूमा युवा विद्यार्थी उद्यमी व्यवसायी कलाकार तथा अन्य क्षेत्रका व्यक्तिहरूको भ्रमण तथा अनुभव आदानप्रदानलाई जोड दिइनेछ।

६०. संसारका विभिन्न शहरहरूमा भइरहेको नयाँ र असल अभ्यास र प्रयासहरूको अध्ययन गरी पोखरालाइ प्रविधिमैत्री शहर बनाउन पहल गरिनेछ ।

६१. पोखरामा छोटो वा लामो समय स्वयंसेवक भई काम गर्न चाहने विदेशी स्वयंसेवकहरूको रोष्टर तयार गरी परिचालन गरिनेछ ।

६२. पर्यटनमा सहयोग पुग्ने गरी मित्रराष्ट्रहरूको सहयोगमा विभिन्न भाषा कक्षाहरू सञ्चालन गर्न प्राथमिकतामा राखी सहयोग तथा समन्वय गरिनेछ ।

६३. पोखराको हितमा अन्तर्राष्ट्रिय रूपमा ख्यातिप्राप्त व्यक्ति वा सङ्घ संस्थासँग संस्थागत सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

## आर्थिक विकास तर्फ

६४. व्यवसाय प्रवर्द्धन केन्द्रको क्षमता विकास गर्दै स्वरोजगारी तथा मर्यादित रोजगारीको अवसर सृजना गर्न बजारको माग र आवश्यकतामा आधारित व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन गरिनेछ ।

६५. उद्यमशीलता तथा श्रम गर्ने संस्कृतिको विकास गर्दै महिला तथा युवा उद्यमशीलता विकास तथा प्रवर्द्धनमा जोड दिइनेछ ।

६६. उद्यमशीलता विकास, व्यवसाय पहिचान र छनौट, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, बजार व्यवस्थापन र उद्यम व्यवसाय प्रवर्द्धनको दृष्टिले प्रभावकारी देखिएका पोखरा आइडिया मार्ट, उद्यम क्लिनिक, वृत्ति परामर्श तथा रोजगार मेला र स्टार्टअपमा प्रोत्साहन जस्ता कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिइनेछ ।

६७. नव-प्रवर्तन तथा स्टार्टअप उद्यम/व्यवसायको विकास तथा प्रवर्द्धनका लागि नीजिक्षेत्र सँगको सहकार्य समेतको आधारमा **विजिनेश इन्क्यूवेशन सेन्टर** स्थापना गरिनेछ ।

६८. वैदेशिक रोजगारीबाट फर्केका (रिटर्नी) व्यक्तिहरूबाट आर्जित ज्ञान, सीप, अनुभव र पुँजीलाई महानगरपालिका भित्र उत्पादनमूलक तथा आयमूलक क्षेत्रमा परिचालन गर्न उद्यमशीलता विकास, वित्तीय साक्षरता तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

६९. पोखरामा उद्यम व्यवसाय प्रवर्द्धनको क्षेत्रमा देखिएका समस्या समाधान गर्न नीतिगत, कानुनी तथा प्रक्रियागत सुधार तथा सरकारी र नीजिक्षेत्रवीच सहकार्यको लागि गठित सार्वजनिक निजी संवाद मञ्च (PPDF)लाई थप क्रियाशील बनाइनेछ ।

७०. युवा उद्यमशीलतामा जोड दिई स्वरोजगारी तथा मर्यादित र सुरक्षित रोजगार प्रवर्द्धन गर्दै वैदेशिक रोजगारीमा जानु पर्ने बाध्यतालाइ न्यूनीकरण गर्ने रणनीति अवलम्बन गरिनेछ । दक्ष प्रशिक्षक आपूर्तिका लागि महानगरपालिकामा सूचिकृत विज्ञ, कम्पनी वा संस्था सूचिकृत गरिनेछ। रोजगार प्रवर्द्धन कार्यक्रमलाई थप बिस्तार गर्न इलाका प्रशासन कार्यालय लेखानाथमा समेत सहायता कक्ष स्थापना गरिनेछ।

७१. पर्यटन राजधानी पोखराको विकासलाई योजनाबद्ध रूपमा अघि बढाउन **"पर्यटन राजधानी पोखरा एकीकृत रणनीतिक कार्ययोजना"** तयार गरी सङ्घ, प्रदेश र अन्य सरोकारवालाहरूसँग समन्वय तथा साझेदारी गर्दै प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

७२. पोखरा महानगरपालिकाका ३३ वटै वडाको आ-आफ्नो मौलिकता तथा विशिष्टताको पहिचान दिने,वडाको सम्भावना र अवसरको उपयोग गर्ने गरी**"एक वडा एक विशिष्ट कार्यक्रम"** अभियान सञ्चालन गरिनेछ ।

७३. पोखराका विभिन्न क्षेत्रमा परम्परा देखिनै पोखराको पहिचान बनाउँदै आएका जेठोबुढो धान, उखु, मह, कफी लगायतका स्थानीय मौलिक उत्पादनको विस्तार, व्यवसायीकरण बजारीकरणमा प्रोत्साहन गरिनेछ ।

७४. पहाडी तथा काष्ठफल फलफूल आयोजनाको साझेदारीमा सुन्तला,कागती मेकाडेमियानट एभोकार्डो आदि फलफूल खेतीको विस्तार तथा प्रवर्द्धन गरिनेछ ।

७५. "**दिगो कृषिको आधार प्राङगारिक खेतीको विस्तार**" को अभियान अन्तरगत प्राङगारिक पकेट क्षेत्र घोषणा गरी वातावरणमैत्री शहरी कृषिलाई प्रवर्द्धन गरिनेछ ।

७६. किसान परिचयपत्रको आधारमा कृषि अनुदान दिँदा भौचर प्रणाली अवलम्बन गरिनेछ ।

७७. पोखरा महानगरपालिका र छिमेकी स्थानीय तहहरूबिच समन्वय गरी पायक पर्ने उपयुक्त स्थानमा स्थानीय कृषि उत्पादन विक्री केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ । स्थानीय उत्पादनको लागि बजार प्रवर्द्धनका लागि स्थानहरू तोकी नियमित हाटबजार सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

७८. सहकारी संस्थाहरूको प्रवर्द्धन र नियमनमा प्रभावकारिता ल्याउन सङ्घ तथा गण्डकी प्रदेश सरकारसँग समन्वय गरी अनलाइनमा आधारित एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (COPOMIS)लाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

७९. बाँदरको अतिक्रमणबाट प्रभावित क्षेत्रमा वैकल्पिक तथा सुरक्षित कृषि बालीको सम्भाव्यता अध्ययन गरी सिफारिसको आधारमा बाँदरले मन नपराउने तर किसानलाई फाइदा हुने कृषि बालीको विकास तथा प्रवर्द्धन गरिनेछ। सङ्घ र प्रदेश सरकारसँग समेत समन्वय गरी बाँदर व्यवस्थापनको पहल गरिनेछ ।

८०. महानगरपालिका क्षेत्रभित्र कृषियोग्य बाझो जमिनलाई व्यावसायिक कृषि कार्य, पशुपालन, सांस्कृतिक प्रयोजनमा उपयोग हुने वृक्ष वा झारको खेती वा जडीबुटी खेती तथा प्रशोधन गरी व्यवसाय गर्न इच्छुक लगानीकर्तालाई जग्गा उपलब्ध गराई उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्न भूमिबैंकलाइ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

८१. **"खेतियोग्य गह्रा: पारौं हराभरा"** अभियान सञ्चालन गरी हिउँदे बालीको क्लष्टरमा कृषि खेती प्रवर्द्धन गरिनेछ ।

८२. **"सिँचाइ क्षेत्रको विस्तार उत्पादन वृद्धिको आधार"** अवधारणा अनुरूप सिँचाइ सुविधामा वृद्धि गर्दै लगिनेछ । थोपा सिँचाइ, प्लास्टिक पोखरी, लिफ्ट सिँचाइ कुलो तथा पाइप सिँचाइलाई अभियानकै रूपमा सञ्चालन तथा विस्तार गरिनेछ ।

८३. **"मेकइन पोखरा मेडइन पोखरा"** लाई प्राथमिकतामा राखी स्थानीय उत्पादनको विकास, विस्तार र प्रवर्द्धन गरिनेछ ।

८४. पशुपन्छी तथा मत्स्यपालन सम्बन्धी व्यवसाय प्रवर्द्धनका लागि आवश्यक सहयोग समन्वय तथा सहजिकरण गरिनेछ ।पशु विकास कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।

८५. नेपाल सरकार लगायत सरोकार निकायसँग समन्वय गरी पोखरामा आधुनिक पशु वधशाला निर्माण प्रक्रिया सुरु गरिनेछ ।

८६. सहकारी सुशासनमा देखिएको विद्यमान समस्या र चुनौतीको विश्लेषण एवं मुल्याङकन गरी आवश्यक नीतिगत सुधार, अनुगमन र कानुन बमोजिमको कारबाहीलाई योजनाबद्ध रूपमा अघि बढाइनेछ । रूग्ण सहकारी संस्थाहरूको उत्थानहरूको लागि आवश्यक व्यवस्था गरिनेछ ।

८७. पर्यटन राजधानी पोखरामा पर्यटकीय पूर्वाधार निर्माणमा आवश्यक नीतिगत तथा प्रक्रियागत सुधार गरी स्वदेशी तथा विदेशी लगानीकर्तालाई सम्भाव्य परियोजनाहरूमा लगानीको लागि प्रोत्साहित गर्न **लगानी बैठक** आयोजना गरिनेछ ।

८८. आगामी सन् २०२५ लाई **"पोखरा भ्रमण वर्ष २०२५"** घोषणा गरिनेछ ।सङ्घ, प्रदेश सरकार र नीजिक्षेत्र सँग सहकार्य गरी पोखरामा पर्यटक आगमन सङ्ख्या कम्तीमा पन्ध्र लाख पुऱ्याइनेछ । नेपालमा आउने बाह्य पर्यटकहरू मध्ये कम्तीमा ६० प्रतिशत पोखरा आउने वातावरण बनाउन तदनुरूप रणनीति अवलम्बन गरिनेछ ।

८९. पर्यटन प्रवर्द्धनको लागि निजी क्षेत्रबाट आकर्षक प्याकेज घोषणा तथा कार्यान्वयनको प्रतिविद्वताको आधारमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।निजी क्षेत्रको सहकार्यमा **"पोखरा सबै मौसमका लागि"** अभियान सञ्चालन गरिनेछ ।

९०. पोखराको पर्यटकीय उपजको पार्श्वचित्र (Tourism Product Profile) निर्माण तथा प्रवर्द्धन गरिनेछ । पोखराका प्रमुख पर्यटकीय गन्तव्यहरूको आधिकारिक विवरण (Unique Story) तयार गरी **महानगर पर्यटकीय गन्तव्य प्रोफाइल** तयार गरिनेछ ।प्रमुख पर्यटकीय गन्तव्य पहिचान, विकास तथा प्रवर्द्धन गर्दा छिमेकी नगरपालिका तथा गाउँपालिकाहरूसँग समेत आवश्यकता अनुसार समन्वय गरिनेछ । पर्यटन प्रवर्द्धनमा विद्युतीय माध्यमको प्रयोगलाई अधिकतम रूपमा प्रयोग गरिनेछ ।

९१. साबिक लेखनाथ नगरपालिका र अन्य ग्रामीण क्षेत्रका वडाहरूको सन्तुलित विकासका लागि आवश्यक अध्ययन गरी उपयुक्त आयोजना तथा कार्यक्रम सञ्चालनमा प्राथमिकता दिइनेछ ।

९२. पोखराको पर्यटन विकास र प्रवर्द्धनका लागि अन्य छिमेकी जिल्ला तथा स्थानीय तहहरूसँगको समन्वय तथा सहकार्यमा विशेष प्याकेज निर्माण गरी समन्वयात्मक रूपमा कार्यान्वयन गरिनेछ ।

९३. पोखरा महानगरपालिका वडा नं १ स्थित सीमपानीमा कालिगंगा तथा सेती गङ्गाको जलसिंचित शालिग्राम सहितको"मुक्तीक्षेत्र प्रवेशद्वार" निर्माण प्रक्रिया अघि बढाइनेछ ।

९४. फेवातालको उत्तर पश्चिमी खण्डमा बायो-इन्जिनियरिङ अध्ययनको आधारमा मडड्याम निर्माण प्रक्रिया सुरु गरिनेछ । हर्पनखोला र फेवातालको सङ्गममा **फेवाबिच** निर्माण गरिनेछ ।

९५. फेवाताल जाने सडकको सहिद चोक देखि हल्लन चोक सडक खण्डमा र सिद्धार्थचोक देखि विन्ध्यवासिनी सम्मको सम्पदा बस्ती क्षेत्रमा वैकल्पिक यातायात व्यवस्थापन गरी क्रमशः **पैदलिकरण** लागू गरिनेछ ।

९६. पर्यटन राजधानी पोखरा अध्ययन समितिको प्रतिवेदन समेतको आधारमा तत्काल अल्पकाल तथा दीर्घकालमा गर्नु पर्ने गतिविधिहरूको पहिचान गरी नीतिगत सुधार, पर्यटकीय पूर्वाधार निर्माण तथा निजी क्षेत्रको क्षमता विकास र जबाफदेहिता बढाउँदै लगिनेछ ।

९७. फेवातालको किनारमा अवस्थित रत्नमन्दिरको सञ्चालन तथा व्यवस्थापन पोखरा महानगरपालिकाले गर्ने व्यवस्थाका लागि नेपाल ट्रस्टको कार्यालयसँग समन्वय गरिनेछ । रत्नमन्दिर र परिसरको संरक्षण र प्रवर्द्धन गरी उक्त मन्दिरलाई **प्यालेस म्युजियमको** रूपमा विकास गरिनेछ ।

९८. पोखरामा जन्म भई हाल गैर आवासीय नेपालीको रूपमा संसारका विभिन्न स्थानमा रहेका नेपालीहरूको सीप, ज्ञान, अनुभव तथा पुँजीलाई पोखरामा परिचालन गर्न आवश्यक समन्वय, अनुकूल वातावरण सृजना तथा प्रोत्साहित गरिनेछ ।

## पूर्वाधार विकास तर्फ

९९. भौतिक पूर्वाधार सम्बन्धी आयोजना छनौट गर्दा नागरिकको जनजीवनलाई थप सहज हुने, सामाजिक तथा आर्थिक लाभ, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, रोजगारी सृजना र छिटो अपेक्षित र उच्च प्रतिफल प्राप्त हुने देखिएका तथा सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका आयोजनाहरूलाई प्राथमिकता दिइनेछ ।

१००. पर्यटन राजधानीको समग्र विकासको लागि पूर्वाधार सुशासन कायम गर्दै पर्यटन पूर्वाधार विकासमा जोड दिइनेछ ।

१०१. पोखरा महानगरपालिकामा निर्माणाधीन सडक, पुल लगायत पूर्वाधार निर्माण सम्बन्धी आयोजनाहरू गुणस्तरीय रूपमा र निर्धारित समयमै सम्पन्न गर्न आवश्यक समन्वय तथा पहल गरिनेछ । महानगरपालिकाको व्यस्त शहरीक्षेत्र स्थित केआइ सिंङ पुल, महेन्द्रपुल जस्ता पुलहरूको वैकल्पिक पुल निर्माण सम्बन्धमा अध्ययन गरिनेछ ।

१०२. पर्यटन, कृषि तथा उद्योग क्षेत्रबिचको मुल्यश्रृंखला सबलीकरण गर्ने पूर्वाधार आयोजनालाई प्राथमिकिकरण गरिनेछ ।

१०३. पृथ्वी राजमार्गको पोखरा प्रवेश विन्दु वडा नं ३२ कोत्रे मजुवामा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार वहुसुविधायुक्त इन्ट्रान्स पार्क निर्माण प्रक्रिया अघि बढाइनेछ ।

१०४. सार्वजनिक यातायातलाई तोकिएको रुट अनुसार सबै वडाहरूमा सहज यातायात सेवा सञ्चालन गरिनेछ ।

१०५. सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार सेटलाइट बसपार्क निर्माण सञ्चालन तथा व्यवस्थापनको प्रक्रिया अघि बढाइनेछ । गण्डकी प्रदेश सरकार लगायत अन्य

साझेदार निकायहरूसँगको सहकार्यमा बहुतले पार्किङस्थल निर्माण प्रक्रिया अघि बढाइनेछ ।

१०६. आगामी आर्थिक वर्षबाटै मेट्रो ट्याक्सी सञ्चालनको व्यवस्था मिलाइनेछ ।

१०७. पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय हवाई उडान सञ्चालनका लागि नेपाल सरकार तथा अन्य सरोकारवालाहरूसँग आवश्यक समन्वय तथा पहल गरिनेछ ।अन्तरराष्ट्रिय विमानस्थल देखि बेगनास ताल र फेवाताल सम्म नियमित बस सेवा सञ्चालन तथा गण्डकी प्रदेश सरकारको सहकार्यमा शटल बसको व्यवस्था मिलाइनेछ ।पोखराको पुरानो विमानस्थलको थप प्रभावकारी उपयोग सम्बन्धमाआवश्यक समन्वय तथा पहल गरिनेछ ।

१०८. पोखरामा अन्तर्राष्ट्रिय सभा सम्मेलन केन्द्र निर्माणको लागि सम्भाव्यता अध्ययन तथा लगानीकर्ता खोजी गर्न लगानी बोर्डले गरेको प्रयास प्रति धन्यवाद दिँदै अन्तर्राष्ट्रिय सभा सम्मेलन केन्द्र(ICC) निर्माण परियोजना अघि बढाउन पहुँच मार्ग निर्माण लगायत थप आन्तरिक तैयारी तथा अनुकूल वातावरण सृजना गरी लगानीकर्ताहरूलाइ आमन्त्रण गरिनेछ ।

१०९. सन् २०४३ सम्म पोखरालाई कार्बन तटस्थताको लक्ष्य हासिल गर्न नगरस्तरीय ऊर्जा योजना (MEP) तथा कार्बन तटस्थ विकासको मार्गचित्र सम्बन्धी रणनीतिक कार्ययोजना कार्यान्वयन गरिनेछ ।अधिक कार्बन उत्सर्जन हुने गतिविधिलाई क्रमशः निरुत्साहित गर्दै लगिनेछ ।

११०. पोखरा महानगरपालिका भित्र रहेको ट्राफिक तथा यातायात क्षेत्रमा विद्यमान अव्यवस्थालाई हटाइ स्मार्ट ट्रान्सपोर्टेशन प्रणाली लागू गर्न **“ट्राफिक तथा यातायात सुधार कार्ययोजना”** लागू गरिनेछ। खनिज इन्धन प्रयोग गर्ने तथा पुराना सवारी साधनलाई निरुत्साहित गरी सन् २०४३ सम्म विद्युतीय सवारी साधनको प्रयोगको अनुपात ९० प्रतिशत पुऱ्याइनेछ ।

१११. पोखराको पुराना बस्तीको रूपमा परिचित रामकृष्ण टोल, गणेश टोल,तेर्सापट्टी, भैरव टोल, मोहोरिया टोल, विन्ध्यवासिनी आदि बस्तीहरूको परम्परागत पहिचान र

विशिष्टता संरक्षण तथा संवर्द्धन गर्न सम्पदा बस्ती (Heritage Site) सम्बन्धी छुट्टै कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।

११२. पोखरा भित्रिने आन्तरिक र बाह्य पर्यटकहरूको सङ्ख्या र बसाई अवधि गणना गर्न प्रवेश विन्दुहरूमा पर्यटन सूचना केन्द्र स्थापना गरी कार्यान्वयन गरिनेछ ।

११३. महानगरपालिका भित्र पर्ने प्रमुख पर्यटकीय गन्तव्य, साइकल मार्ग र पदमार्गहरूको अभिलेख तयार गरी नक्साङकन गरिनेछ । रोयल ट्रेकलाई पुनः रेखाङ्कन गरी विकास तथा प्रवर्द्धन गरिनेछ । "लेक टु लेक", "केभ टु केभ" तथा "कोट टु कोट" पदमार्ग निर्माण सम्बन्धमा आवश्यक अध्ययन गरी प्रतिवेदनको आधारमा कार्यान्वयनको प्रक्रिया अघि बढाइनेछ ।

११४. रानीपौवा शोभा भगवतीस्थान नजिक रहेको पोखराको पुरानो नगरपालिका कार्यालय भवनलाई **पोखरा स्मृति सङ्ग्रहालय**को रूपमा विकास गरिनेछ ।

११५. फेवाताल, बेगनासताल, रुपाताल, लगायत रामसार सूचीमा सूचीकृत तालहरूको जलाधार तथा सिमसार क्षेत्रको संरक्षण विकास तथा प्रवर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

११६. पोखरा स्थित कोमागाने पार्क, बसुन्धरा पार्क लगायतका सार्वजनिक पार्कहरूको सौन्दर्यीकरण गरी संरक्षण, विकास तथा प्रवर्द्धन गरिनेछ ।

११७. पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन समेतको आधारमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुरूप बेगनास ताल वाटर स्पोर्ट्स आयोजना कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ ।

११८. पोखराको पर्यटन प्रवर्द्धनमा छुट्टै पहिचान बनाएका रोपाइ महोत्सव, स्ट्रिट फेस्टिभल, ड्रागन बोट रेस; क्रस कन्ट्रिरेस, ट्राथलन, पोखरा म्याराथन, आहा रारा पोखरा गोल्डकप, राष्ट्रिय भलिबल खेल लगायत अन्य खेलकुद, फुड फेस्टिभल, हेमजा आलु

महोत्सव, लेखनाथ महोत्सव, पोखरा महोत्सव, ढुंगेसाँघु मेला र प्याराग्लाइडिङ महोत्सव आदि मेला महोत्सव आयोजनामा आवश्यक समन्वय तथा प्रवर्द्धन गरिनेछ ।

११९. पोखरा महानगरपालिका भित्रका तालतलैया, पोखरी, चौतारा, सिमसार, गुफा, मन्दिर, पुरातात्त्विक, ऐतिहासिक, प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्दै लगिनेछ ।

१२०. पोखरा महानगरपालिकाका ३३ वटै वडामा कम्तीमा **एक पर्यटकीय गन्तव्यको** पहिचान, विकास तथा प्रवर्द्धन गरिनेछ ।

१२१. पोखरा उपत्यका चक्रपथ निर्माण सम्बन्धमा सम्भाव्यता अध्ययन गरिनेछ ।

१२२. आगामी आर्थिक वर्षमा पोखरा सभागृहको मर्मत सम्भार, प्रबलीकरण गरी स्तरोन्नति गरिनेछ।

१२३. आगामी वर्ष भित्र पुस्तकालय, आर्ट ग्यालरी र सूचना केन्द्र सहितको **पोखरा घर** को निर्माण कार्य सम्पन्न गरिनेछ। पोखरा प्रदर्शनी केन्द्र परिसरमा कोशेलीघर निर्माण गरी स्थानीय हस्तकला तथा मौलिक उत्पादनको बजार प्रवर्द्धन गरिनेछ ।

१२४. पोखराको व्यवस्थित शहरी विकास गर्न महानगरपालिकाबाट स्वीकृत भवन तथा पूर्वाधार निर्माण मापदण्ड,२०८० को प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१२५. सडकको क्षेत्राधिकार भित्र परेका वर्कसप, पेट्रोल पम्प जस्ता व्यवसाय तथा विपद् जोखिम संवेदनशील संरचनालाई हटाइ अन्यत्र उपयुक्त स्थानमा स्थानान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।

१२६. शहरी क्षेत्र स्थित व्यावसायिक तथा शैक्षिक प्रतिष्ठान र पार्टी प्यालेसहरूले अनिवार्य रूपमा अन्डरग्राउन्ड वा आफ्नै निजी पार्किङको प्रबन्ध गर्नु पर्ने व्यवस्था गरिनेछ ।

१२७. सडक छेउमा पैदल तथा साइकल यात्रीको सुरक्षित तथा सहज आवागमनको लागि अतिक्रमित फुटपाथ तथा साइकल लेन खाली गराइनेछ ।

१२८. नेपाल विद्युत् प्राधिकरण लगायत अन्य सरोकारवालाहरूसँग समन्वय गरी **उज्यालो पोखरा** अभियानलाई निरन्तरता दिदैं अव्यवस्थित तारलाई हटाउँदै लगिनेछ । स्मार्ट स्ट्रिट लाइट, ट्राफिक सिग्नल र हाइमास्ट निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

१२९. पोखरामा दिगो तथा वातावरणमैत्री एकीकृत यातायात प्रणालीको विकास गरी कार्यान्वयन गरिनेछ ।

१३०. पोखरा महानगरपालिकामा सञ्चालन हुने सङ्घीय, प्रादेशिक आयोजना तथा कार्यक्रम कार्यान्वयन र अनुगमनमा आवश्यक सहयोग तथा समन्वय गरिनेछ ।

१३१. पोखरा महानगरपालिका क्षेत्र भित्र उपयुक्त रुटमा पोडवे सञ्चालन गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरी प्रतिवेदनको आधारमा आवश्यक प्रक्रिया अघि बढाइनेछ ।

१३२. फिर्के खोला, बुलौदी खोला, काँहुखोला, फुस्रेखोला, विजयपुर खोला, खुदीखोला, गडुवा खोला, देउराली खोला लगायत महानगरपालिका भित्रका खोलाहरूको संरक्षण, विकास तथा प्रवर्द्धन प्रक्रिया अघि बढाइनेछ ।

१३३. फेवातालको सिमाङ्कन, संरक्षण तथा प्रवर्द्धन सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट भएको आदेश बमोजिम कार्यान्वयन प्रक्रियालाई समन्वयात्मक रूपमा अघि बढाइनेछ ।

१३४. निजी क्षेत्रको विकास तथा महानगरपालिकाको दिगो आम्दानी परिचालनमा योगदान पुऱ्याउन सार्वजनिक निजी साझेदारीका आयोजना तथा कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।

१३५. एसियाली विकास बैङ्क, विश्व बैङ्क, जाइका, कोइका, युएनडिपी लगायतका विकास साझेदारहरूको सहयोग तथा साझेदारीमा सञ्चालित विकास आयोजनाहरू निर्धारित समयमै गुणस्तरीय रूपमा सम्पन्न गर्न प्राथमिकता दिइनेछ ।

१३६. बिन्ध्यबासिनी बसपार्कको स्तरोन्नति तथा पोखरा बसपार्क निर्माणको प्रक्रिया अघि बढाइनेछ । पोखरा महानगरपालिका वडा नं ३२ लामे आहालमा क्षेत्रीय बसपार्क निर्माण कार्य अघि बढाउन आवश्यक समन्वय गरिनेछ ।

**१३७.** पोखरा महानगरपालिकाको प्रशासकीय भवन निर्माण प्रक्रिया अघि बढाइनेछ ।

**१३८.** सार्वजनिक निजी साझेदारी अवधारणा अनुरूप अघि बढाइएका पातलेछाँगो सिसापुल निर्माण तथा पूर्वाधार विकास आयोजना, सेती नदिको खोँच पर्यटन पूर्वाधार विकास आयोजना, मोरेखोरे आयोजना, फेवातालका श्रोतनदीमा चेकड्याम निर्माण आयोजना, पोखरा महानगरपालिका फोहोर मैला प्रशोधन केन्द्र लगायतका आयोजना कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ ।

**१३९.** सेती नदीमा रहेको नदिजन्य पदार्थको सङ्कलन तथा दिगो व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारी अवधारणामा उपयुक्त स्थानमा चेक ड्याम निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

**१४०.** पोखरा महानगरपालिकामा खानेपानी आपूर्ति गराउने मर्दिखोला खानेपानी आयोजनाको निर्मित ड्यामको कारण स्थानीय बासिन्दालाई पर्न सक्ने असुविधा सम्बन्धमा माछापुच्छ्रे गाउँपालिकासँगको समन्वयमा आवश्यक अध्ययन गरी अध्ययन प्रतिवेदनको आधारमा कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ ।

**१४१.** पोखरा महानगरपालिका र आसपासको क्षेत्रको द्रुत तथा सन्तुलित विकासको लागि **ग्रेटर पोखरा**को अवधारणा अनुरूप विकास प्रारूप तयार गरी सम्वद्ध स्थानीय तहहरूसँग समन्वय गरी कार्यान्वयनको पहल गरिनेछ ।

**१४२.** महानगरपालिकाबाट जारी भएको पोखरा महानगर पूर्वाधार विकास निगम ऐन २०७७ ले परिकल्पना गरेको विकासको प्रारूपलाइ मुर्तरूप दिने सम्बन्धमा आवश्यक अध्ययन गरिनेछ ।

## सामाजिक विकास तर्फ

**१४३.** महिला, बालबालिका, दलित, जनजाति, ज्येष्ठ नागरिक, युवा, सिमान्तिकृत, विपन्न तथा अपाङ्गता भएका व्यक्तिहरू लक्षित कार्यक्रमलाई उच्च प्राथमिकतामा राखिनेछ ।

१४४. दलित, जनजाति, विपन्न, बेरोजगार लगायत लक्षित वर्गका सबै महिलाहरूलाई उद्यमशीलता विकास, सीप विकास तालिम मार्फत रोजगारीका अवसरहरूको सृजना गर्दै महिलाहरूको आर्थिक सशक्तीकरण तथा जीवनस्तरमा सुधार ल्याउन **उप-प्रमुखसँग महिला कार्यक्रमलाई** थप प्रभावकारी रूपमा अघि बढाइनेछ ।

१४५. महिला उपर हुने सबै प्रकारका हिंसा, बालविवाह, बहुविवाह, मानव बेचबिखन लगायतका सामाजिक विकृति रोकथाम तथा नियन्त्रण गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । पीडित तथा प्रभावितहरूको उद्धार राहत तथा पुनर्स्थापनाका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । गण्डकी प्रदेश सरकारसँग समन्वय गरी पोखरा महानगरपालिका वडा नं ३३ बागमारामा **बहुउद्देश्यीय पुनस्थापना केन्द्र** स्थापना गरी सञ्चालन गरिनेछ ।

१४६. बालबालिका,ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रमहरूलाई गैर सरकारी सङ्घसंस्थाहरू समेतको सहयोग तथा समन्वयमा प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

१४७. नीजिक्षेत्रको सहकार्यमा ७० वर्ष भन्दा बढी उमेरका जेष्ठ नागरिकहरूलाई निःशुल्क सार्वजनिक यातायात सेवाको व्यवस्था मिलाइनेछ ।

१४८. महानगरपालिका भित्रका टोल विकास संस्था, युवा क्लब, आमा समूह तथा अन्य सामुदायिक सङ्घ संस्थाहरूको क्षमता विकास गरी आर्थिक, सामाजिक विकास तथा विकास आयोजनाको कार्यान्वयनमा सहयोग तथा सहजिकरण गर्न प्रेरित गरिनेछ ।

१४९. महानगरपालिकाबाट हालै सम्पन्न घरधुरी सर्वेक्षणको आधारमा पहिचान भएका गरिबिको रेखामुनि रहेका नागरिकहरूको स्वास्थ्य बिमा, पानी बिजुलीको न्यूनतम महसुल निःशुल्क हुने व्यवस्था मिलाइनेछ ।

१५०. मानव विकासको सुचकाङकको दृष्टिले पछाडि परेका दलित, आदिवासी, जनजाति आदि लक्षित वर्ग र समुदायको हितको लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१५१. घरधुरी सर्वेक्षणको नतिजाबाट प्राप्त तथ्याङ्क अनुसार गरिबिको रेखामुनि रहेका घरधुरी लक्षित विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१५२. महानगरबासीलाई सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा लगायतका जनस्वास्थ्य सँग सम्बन्धित समस्या सम्बोधन गर्न महानगर स्वास्थ्य नीतिलाई संशोधन अद्यावधिक गरी लागू गरिनेछ ।

१५३. महानगरपालिका भित्र आउन सक्ने महामारी तथा सङ्क्रामक रोग रोकथाम तथा नियन्त्रणका लागि औषधि उपकरण सहित दक्ष जनशक्ति सम्मिलित Rapid Response Team गठन गरी परिचालन गरिनेछ ।

१५४. महानगरपालिका अन्तरगत सबै वडाहरूमा रहेका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूबाट प्रदान गरिदैं आएको निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइ आधारभूत स्वास्थ्य सेवामा आम नागरिकको पहुँच सुनिश्चित गरिनेछ ।

१५५. **"घरदैलोमा स्वास्थ्य सेवा, जेष्ठ नागरिकलाई टेवा"** कार्यक्रम सञ्चालन गरी दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति र ७० वर्ष माथिका जेष्ठ नागरिकलाई घरघरमा गई निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ ।

१५६. **उपमेयरसँग सुत्केरी** कार्यक्रम सञ्चालन गरिनेछ ।

१५७. महानगरपालिका स्थित मेडिकल कलेज तथा निजी अस्पतालहरूको सहयोग तथा समन्वयमा विपन्न तथा असहाय व्यक्तिहरूको निःशुल्क उपचार तथा प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

१५८. सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय गरी निजी स्वास्थ्य संस्था तथा औषधि पसलहरूको नियमन तथा अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

१५९. जनस्वास्थ्य सेवा तथा प्रवर्द्धनमा महिला स्वास्थ्य स्वयंसेविकाहरूको योगदानको कदर गर्दै उनीहरूको क्षमता विकास तथा विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१६०. स्वास्थ्य सम्बन्धी महानगरपालिकाको नीति, उद्देश्य, प्राथमिकता र हाल भइरहेको सेवाको प्रभावकारिता समेतलाई अध्ययन विश्लेषण गरी स्वास्थ्य महाशाखा अन्तरगतका

स्वास्थ्य संस्थाहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गरिनेछ । साथै सिसुवा अस्पतालको सेवाको गुणस्तर अभिवृद्धि सेवा विस्तार लगायतका कार्य गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचनाको दरबन्दीमा पुनरावलोकन गरिनेछ ।

१६१. मौलिक, परम्परागत विशिष्ट कला, सीप र प्रविधिको संरक्षण, विकास तथा प्रवर्द्धन गर्दै महिला तथा लक्षित समूहका व्यक्तिहरूबाट उत्पादित उपभोग्य समानहरूको बजार प्रवर्द्धनमा सहयोग गरिनेछ ।

१६२. बालबालिका, युवा देखि ज्येष्ठ नागरिक सम्मको सहभागिता रहने गरी **"स्वच्छ पोखरा, स्वस्थ पोखरेली"** विशेष अभियान सञ्चालन गरिनेछ। पोखरालाई **"सदाचार, नैतिकता र अनुशासनको शहर"**को रूपमा विकास गर्दै लग्ने नीति अवलम्बन गरिनेछ ।

१६३. पोखरामा साहसिक खेल प्रवर्द्धन गर्दै पोखरालाई खेलकुदको सहरको रूपमा विकास गरिनेछ ।

१६४. पोखराको रैथाने गीत, सङ्गीत शिल्पकला तथा स्थानीय संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्न विशेष कार्यक्रम ल्याइनेछ ।

१६५. पोखराको परम्परागत मौलिक भाषा, वेशभूषा, कला र संस्कृतिको संरक्षण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । पोखराको उपयुक्त स्थानमा आदिकवि भानुभक्त आचार्य तथा कवि शिरोमणि लेखनाथ पौड्यालको शालिक निर्माण गरिनेछ ।

१६६. महानगरपालिका अन्तरगतको पोखरा प्रज्ञा प्रतिष्ठानको क्षमता अभिवृद्धि गर्दै लगिनेछ । पोखरेली प्रतिभाहरूलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६७. नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारको सहयोग तथा समन्वयमा पोखरामा सुविधा सम्पन्न मानसिक अस्पताल स्थापना गर्ने प्रक्रिया अघि बढाइनेछ ।

१६८. प्राकृतिक सुन्दरताले भरिपूर्ण पोखरा नगरीलाई खेल पर्यटन केन्द्रको रूपमा समेत विकास गर्न सङ्घ, प्रदेश सरकार अन्य विकास साझेदारहरू सँग समन्वय गरिनेछ ।

१६९. धार्मिक, सांस्कृतिक सम्पदायुक्त, शान्त, सुन्दर पोखरा उपत्यकालाई अध्यात्म केन्द्र (Spiritual Center) को रूपमा विकास गर्न आगामी आर्थिक वर्षमा सम्भाव्यता

अध्ययन गरी प्रतिवेदनको आधारमा सम्बद्ध सङ्घ/संस्था सँग आवश्यक समन्वय गरी कार्यान्वयन गरिनेछ ।

१७०. अनुशासन, नैतिकता सदाचार सहितको जीवनोपयोगी शिक्षा विकासका लागि तदनुरूप स्थानीय पाठ्यक्रम र शैक्षिक सिकाइ पद्धतिमा सुधार गरी कार्यान्वयन गरिनेछ ।माध्यमिक तहका विद्यार्थीहरूका लागि नियमित रूपमा **"उद्यमशीलता विकास तथा वृत्ति परामर्श कार्यक्रम"** सञ्चालन गरिनेछ ।

१७१. आधारभूत तथा माध्यमिक विद्यालयहरूको समग्र विकासका लागि महानगरपालिकाबाट जारी ५३ बुँदे निर्देशनको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

१७२. महानगरपालिकाका विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक सीप तथा ज्ञान मार्फत **सिक्दै कमाउँदै कार्यक्रम** लागू गरिनेछ । साथै विद्यालयमा हरेक शुक्रवार हुने अतिरिक्त क्रियाकलापमा व्यवहारिक सीप तथा ज्ञान आर्जन हुने गरी **स्किल टु वर्क** कार्यक्रमलाई समेत समावेश गरिनेछ । एसइई परीक्षा दिएका विद्यार्थीहरूलाई सामाजिक काममा स्वयंसेवकको रूपमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१७३. सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूको क्षमता विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ ।

१७४. आधारभूत तथा माध्यमिक तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क बनाउन आवश्यक नीतिगत तथा प्रक्रियागत व्यवस्था गरिनेछ ।

१७५. पोखरा महानगरपालिका वडा नम्बर २० र २३ मा हाइ अल्टिच्यूड खेल मैदान निर्माण गर्न आवश्यक अध्ययन गरिनेछ ।

१७६. मेयरकप ब्याडमिन्टन प्रतियोगिता सञ्चालन गरिनेछ ।

१७७. महानगरपालिका मातहतको गण्डकी बहु-प्राविधिक शिक्षालयमा आगामी शैक्षिक सत्रदेखि सामान्य चिकित्सा विषयमा तीन वर्षे कार्यक्रम सञ्चालन गरिनेछ ।पोखरा स्थित उद्योग प्रतिष्ठानहरूमा आवश्यक पर्ने दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न गण्डकी बहु-

प्राविधिक शिक्षालय र उद्योग प्रतिष्ठानहरू बिचको साझेदारीमा औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालन गरिनेछ ।

१७८. महानगरपालिकाका सामुदायिक विद्यालयबाट एसइई परीक्षा दिएका छात्राहरूले गण्डकी बहु प्राविधिक शिक्षालयमा इन्जिनियरिङ विषयको डिप्लोमा तहमा अध्ययन गर्न चाहेमा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

१७९. सिसुवा अस्पतालको सञ्चालन तथा व्यवस्थापनका लागि छुट्टै कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ । अस्पतालको क्षमता विकास, जनशक्ति तथा उपकरण उपलब्ध गराइ दन्त सेवा, आँखा सम्बन्धी सेवा र थाइराइड सम्बन्धी सेवा लगायतका सेवा थप गर्दै सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाउँदै लगिनेछ ।

१८०. सिसुवा अस्पतालको स्तरोन्नतिको लागि आवश्यक जग्गा प्राप्ति तथा भवन निर्माणको प्रक्रिया अघि बढाइनेछ ।

१८१. पोखरा महानगरपालिकालाई पूर्ण खोप सुनिश्चितता दिगोपना महानगरपालिका घोषणालाई निरन्तरता दिइनेछ ।

१८२. विभिन्न निकाय तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गरी **डायलिसिस सेवा** सञ्चालन गरिनेछ ।

१८३. लागू औषध, मदिरा, सुर्तीजन्य पदार्थ बेचबिखन तथा सेवन, घरेलु हिंसा, मानव बेचबिखन जस्ता सामाजिक विकृति,विसङ्गतिको रोकथाम तथा नियन्त्रण, ट्राफिक नियम पालना, वातावरण संरक्षण जस्ता महत्त्वपूर्ण विषयमा विद्यार्थी, शिक्षक तथा अभिभावक समेत परिचालन गरी **"हाम्रो समाज,जिम्मेवार समाज"** नारा सहित सचेतना अभियान सञ्चालन गरिनेछ ।

१८४. आयुर्वेद, प्राकृतिक चिकित्सा सहित वैकल्पिक चिकित्सा पद्धतिको विकास तथा प्रवर्द्धनको लागि आवश्यक नीतिगत, कानुनी तथा प्रक्रियागत सुधार गर्दै समन्वयात्मक रूपमा कार्यान्वयन गरिनेछ ।औषधिजन्य स्थानीय जडीबुटी उत्पादन, प्रशोधन तथा प्रवर्द्धनलाई जोड दिइनेछ ।

१८५. **"गरौं योग रहौं निरोग"** अभियानलाई समुदाय स्तरमा विस्तार गरिनेछ ।ध्यान तथा योग साधना केन्द्र स्थापना तथा सञ्चालनलाई प्रोत्साहित गरिनेछ ।

१८६. नेपाल सरकारसँग समन्वय गरी भूमिहीन, दलित, सुकुम्वासी, अव्यवस्थित बसोबासीहरूको निवेदन भूमि आयोगको पोर्टलमा प्रविष्ट गरी निस्सा वितरण प्रक्रियालाई अघि बढाइने छ ।

१८७. पोखरा महानगरपालिकालाई कार्यक्षेत्र बनाइ क्रियाशील गैर सरकारी संस्थाहरूलाई एकद्वार प्रणालीमा आबद्ध गराइ महानगरपालिकाको नीति, आवश्यकता र प्राथमिकताको आधारमा महानगरपालिकासँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

१८८. पोखरा महानगरपालिका वडा नं १४ बाच्छेवुडुवा स्थित महानगरपालिकाको सहयोग तथा परोपकार महासङ्घद्वारा सञ्चालित गौशालाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक सहयोग तथा समन्वय गरिनेछ ।

१८९. सडकमा छाडा छाडिएका सामुदायिक कुकुर तथा पशु नियन्त्रण तथा व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।घरपालुवा कुकुरलाई सार्वजनिक स्थलमा जथाभाबी शौच गराउने उपर प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ ।

**वन तथा वातावरण तर्फ**

१९०. महानगरपालिकाका विभिन्न क्षेत्रमा हिउँद याममा सुख्खा हुन नदिन पोखरी तथा तलाउहरूको उत्खनन, संरक्षण, निर्माणलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ । सार्वजनिक जग्गामा वर्षेपानी जम्मा गरी पोखरी (Ground water recharge well ) निर्माण अभियान सञ्चालन गरिनेछ । स्थानीय समुदायलाई वर्षातको पानी सङ्कलन तथा पानीको पुनर्भरण सम्बन्धी कार्यक्रममा सहयोग तथा समन्वय गरिनेछ ।

१९१. पोखरीका नामले पहिचान बनाएका स्थानहरूमा हाल पोखरी नभएको भए पोखरी निर्माण तथा प्रर्वद्धन गरिनेछ ।

१९२. पुराना तथा ऐतिहासिक चौतारी संरक्षण, पुनर्निर्माण, मर्मत सम्भार र उपयुक्त स्थानमा नयाँ चौतारी निर्माण अभियानलाई अघि बढाइनेछ ।

१९३. पोखरालाई स्वच्छ हराभरा बनाइ हरितशहरको रूपमा विकास गर्न Clean City Green City परियोजना सञ्चालन गरी विभिन्न प्रजातिका दुई लाख भन्दा बढी बिरुवा रोपण तथा संरक्षण अभियान सञ्चालन गरिनेछ। शहरी वन संरक्षण तथा प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी बनाईनेछ।

१९४. जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरण गर्न विद्यमान र सम्भावित जोखिमको आङ्कलन तथा विश्लेषण गरी यस सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना अनुरूप महानगरपालिका स्तरीय रणनीति तथा कार्ययोजना निर्माण गरी समन्वयात्मक रूपमा कार्यान्वयन गरिनेछ ।

१९५. वर्षेनी हिउँदको समयमा बढ्दै गएको बन डढेलोले जनधन तथा वातावरणमा पारेको प्रतिकूल असरलाई मध्यनजर गरी गण्डकी प्रदेश सरकार, बन उपभोक्ता महासङ्घ लगायत सरोकारवालाहरूसँग समन्वय गरी बन डढेलो नियन्त्रण कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१९६. जैविक विविधताको संरक्षण तथा व्यावसायिक उपयोगका लागि सम्भाव्य जडीबुटी तथा वनस्पतिको पहिचान गरी व्यावसायिक खेती, प्रशोधन तथा बजारीकरण गर्न आवश्यक अध्ययन गरी कार्यान्वयन प्रक्रियामा लगिनेछ ।

१९७. कोरियन अन्तर्राष्ट्रिय सहयोग नियोग (KOICA) र संयुक्त राष्ट्रिय विकास कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालन हुने Recycling र Upcycling को माध्यमबाट हरित रोजगारी सञ्चालन गर्ने कार्यक्रम कार्यान्वयनका लागि उपयुक्त वातावरण निर्माण गरिनेछ ।

१९८. फोहोरलाइ स्रोतमै वर्गिकरण गर्ने व्यवस्थाका लागि समुदायको क्षमता विकास गरी प्रोतसाहित गरिनेछ ।

१९९. पोखरा महानगरपालिका भित्र पर्ने सबै ताल तलैया तथा पोखरीहरूको संरक्षण विकास र प्रवर्द्धनको लागि हाल सम्म भए गरेका अध्ययन प्रतिवेदनहरूको अध्ययन संश्लेषण तथा विश्लेषण गरी **एकीकृत ताल विकास आयोजना तथा कार्यक्रम** अघि बढाइनेछ ।

२००. फेवाताल वेगनासताल लगायतका ताल तलैयाहरूको जलाधार क्षेत्रमा प्राकृतिक श्रोतहरू तथा पञ्चासे कालिलेक, लगायतका जैविक विविधताको दृष्टिले महत्त्वपूर्ण क्षेत्रहरूको दिगो संरक्षण तथा प्रवर्द्धन गर्न प्रकृतिमा आधारित समाधान (Nature Based Solution) तथा पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन (Ecosystem Based Adaptation) प्रणाली अवलम्बन गरिनेछ ।

२०१. फेवाताल, वेगनासताल लगायतका पोखरा महानगरपालिकामा रहेका तालतलैयालाइ स्वच्छ तथा प्रदूषणमुक्त राख्न प्रत्यक्ष लाभ लिने व्यवसायी र स्थानीय बासिन्दालाई जबाफदेही बनाइनेछ । जथाभाबी फोहोर विसर्जन गर्ने व्यक्ति, सङ्घ संस्था तथा व्यवसायीलाई प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ ।

२०२. नेपाली सेनाबाट हुदैं आएको **अन्नपूर्ण हिमाल सरसफाइ अभियान**मा पोखरा महानगरपालिकाको सहकार्यलाइ निरन्तरता दिइनेछ ।

अन्त्यमा,

प्रस्तुत नीति तथा कार्यक्रमले महानगरपालिकाको सेवाप्रबाह तथा सुशासन, विकास व्यवस्थापन र न्याय सम्पादनमा गुणात्मक सुधार गरी महानगरपालिकाको आर्थिक तथा सामाजिक रूपान्तरण गर्न महत्वपूर्ण योगदान गर्ने विश्वास लिएको छु । प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन अभियानमा आम महानगरवासी, जनप्रतिनिधि, राजनीतिक दल, नीजिक्षेत्र, नागरिक समाज, सञ्चारक्षेत्र लगायत सम्बद्ध सबै पक्षको सकारात्मक तथा रचनात्मक सहयोग, सहभागिता र समन्वयको लागि हार्दिक अनुरोध गर्दछु ।

साथै प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नु हुने सबै जनप्रतिनिधिहरू, शहरी योजना आयोग, प्रमुख प्रशासकीय अधिकृत लगायत सबै राष्ट्रसेवक कर्मचारीहरू प्रति धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद ।

जय पोखरा महानगरवासी !

जय पोखरा महानगरपालिका !

**धनराज आचार्य**

**प्रमुख**

**पोखरा महानगरपालिका**

**९ आषाढ २०८१**